# एल.आई.सी. (नेपाल) लिमिटेड बारेमा

## १ : संस्थापना

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड नेपालको एक ठूलो पूँजीबाहक जीवन बीमा कम्पनी हो । भारतीय जीवन बीमा निगम (एल.आई.सी. अफ इन्डिया) को ५५% र विशाल ग्रुपको २५% संयुक्त लगानीमा संस्थापित यस कम्पनीमा सर्वसाधारण लगानीकर्ताहरुको २०% शेयर लगानी रहेको छ । एल.आई.सी. (नेपाल) लि.को संस्थापना तत्कालिन कम्पनी ऐन, २०५३ अनुसार मिति २०५७-०९-१२ मा भएको हो जस अनुसार कम्पनी दर्ता नं. ७६५ (०५७-५८) रहेको छ । बीमा समितिबाट मिति २०५८-०४-२३ मा जीवन बीमा व्यवसाय संचालनको अनुमति प्राप्त गरी कम्पनीले मिति २०५८-०५-१६ देखि आफ्नो कार्य संचालन गरेको हो ।

| | |
|---|---|
| अधिकृत पूँजी | रु. ८५,५५,६२,५०० |
| जारी पूँजी | रु. ८५,५५,६२,५०० |
| चुक्ता पूँजी | रु. ८५,५५,६२,५०० |
| कार्यालय संख्या | ३२ शाखाहरु<br>र १ कर्पोरेट कार्यालय |

## २ : शेयर संरचना




| | |
|---|---|
| एल.आई.सी. | ५५% |
| विशाल ग्रुप | २५% |
| सर्वसाधारण | २०% |

## २ (क) : भारतीय जीवन बीमा निगम

भारतीय जीवन बीमा निगम (एल.आई.सी. अफ इन्डिया) भारतको सबैभन्दा ठूलो जीवन बीमा कम्पनी र देशकै सबैभन्दा ठूलो लगानीकर्ता हो । बिमितहरुको संख्याका आधारमा यो कम्पनी संसारकै सबैभन्दा ठूलो कम्पनीको रुपमा समेत रहन सफल भएको छ । पूर्णरुपले भारत सरकारको स्वामित्व रहेको यस निगमको ऐतिहासिक शुरुवात यात्रा सेप्टेम्बर १, १९५६ बाट भएको हो । निगमको प्रधान कार्यालय भारतको मुम्बईमा रहेको छ भने यसको भारतभर जम्मा ८ Zonal Offices, ११३ Divisional Offices, २,०४८ Branches र १,३२६ Satellite Offices छन् । सेवा र ब्यवसाय विस्तारका लागि यस निगममा हाल १,२०,३८८ स्थायी कर्मचारीहरु र ११,९५,९१६ सक्रिय अभिकर्ताहरु कार्यरत छन् ।

### एल.आई.सी. अफ इन्डियाको मार्च ३१, २०१४ सम्मको सामान्य जानकारी

| | |
|---|---|
| जीवन बीमा कोष : | भा.रु. १६,०७,०२४ करोड |
| क्रियाशिल बीमालेख संख्या : | ३४.३६ करोड |
| कूल आम्दानी : | भा.रु. ३,८०,०४२.४४ करोड |
| कूल बीमाशूल्क आम्दानी : | भा.रु. २,३६,७८९.०७ करोड |
| कूल बिक्री बीमालेख संख्या: | ३४५.१२ लाख (व्यक्तिगत) |
| कूल दाबी भुक्तानी रकम : | ९१,१८६.४५ करोड |
| कूल सम्पति : | १७,६९,१९१.६० करोड |
| बीमालेख संख्याका आधारमा बजार हिस्सा: | ८४.४४% |
| प्रथम बीमाशूल्क आम्दानीको आधारबजार हिस्सा: | ७५.३३% |

## २(ख) : विशाल ग्रुप

विशाल ग्रुप लिमिटेड नेपालमा उत्कृष्ट र विश्वशनीय विविध उत्पादन र सेवाहरु प्रदान गर्दै आएको एक परिचित बिजनेश हाउस हो । बिगत ५ दशकको अवधीदेखि यस ग्रुपले प्रतिस्पर्धात्मक बजारमा आफ्नो कार्य सम्पादन र गरिमालाई नयाँ उचाईमा कायम राख्न सफल रहेको सबैलाई विदितै छ ।

सिद्वहस्त व्यवसायिक व्यक्तिहरुको व्यवस्थापन र उहाँहरुको उच्च दृष्टिकोणका कारण नेपालमा यस ग्रुपको नाम अग्रपंक्तीमा रहन गएको छ । देहायका क्षेत्रमा विशाल ग्रुपले कार्य गरिरहेको पाइन्छ ।

- फलाम र स्टील
- उपभोग्य सामाग्रीहरु
- अन्तर्राष्ट्रिय व्यापार
- बीमा
- बैक
- शिक्षा
- कृषि